
# प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना

# २०७८




**प्रदेश सरकार**

**प्रदेश नं. २**

**आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय**

**जनकपुरधाम**

# विषय सूचि

१. पृष्ठभूमि ....................................................................................................३

१.१ प्रदेशको परिचय ....................................................................................३

१.२ योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य)...........४

२. मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्य योजनाको उद्देश्य..........................................५

३. कार्ययोजना निर्माण प्रक्रिया.....................................................................................६

४. मनसुनः विपद् जोखिमको अवस्था........................................................................७

५. हिउदमा भएको डढेलो र मनसुनमा घट्न सक्ने मौसमजन्य विपदको अन्तर सम्बन्ध.................८

तलिका १: मनसुन २०२१ को लागि बाढी केस लोड अनुमान........................................९

तलिका २: लक्षित जनसंख्या (विषयगत क्षेत्र अनुसार)................................................१०

६. पानीजन्य अन्य जोखिम.......................................................................................११

७. कोभिड-१९.........................................................................................................११

८. पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य योजना.........................................................१३

८.१ प्रभावमा आधारित मनसुन पूर्वसुचना प्रणाली (Impact Based Forecasting): ..१३

८.२ खुला स्थानको पहिचान, विकास र उपयोग.....................................................१३

८.३ आवास पुनर्निर्माण तथा पुनःस्थापना अभियान..................................................१३

८.४ आपतकालिन सामाग्रीहरुको निकायगत क्षेत्रहरुमा उपलब्ध श्रोत साधनहरुको आंकलन..१३

९. विषयगत नेतृत्व र सह नेतृत्व लिने निकाय ..........................................................१४

१०. पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य जिम्मेवारी.....................................................१५

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय..........................................................१५

ख. आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय.......................................................... १५

ग. अर्थ मन्त्रालय................................................................................................१९

घ. भौतिक पुर्वाधार विकास मन्त्रालय .....................................................................१९

ङ खानेपानी तथा उर्जा विकास मन्त्रालय..................................................................२०

च. सामाजिक विकास मन्त्रालय...............................................................................२१

छ. महिला, बालबालीका, युवा तथा खेलकुद मन्त्रालय........................................२५
ज. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय..................................................२८
झ. बाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय............................................२९
ञ. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय............................................. २९
ट. प्रदेश प्रहरी.......................................................................................... ३०
ठ. शसस्त्र प्रहरी बल.....................................................................................३०
ड. नेपालि सेना ...........................................................................................३२
ढ. नेपाल रेडक्रस सोसाईटी...........................................................................३२

# १. पृष्ठभुमिः

## १.१ प्रदेशको परिचय

नेपालको संविधान २०७२ को अनसूची ४ अनुसार प्रदेश नं २ मा सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा र पर्सा जिल्लाहरु रहने व्यवस्था गरेको छ। प्रदेश नं २ को जम्मा क्षेत्रफल ९९०७ वर्ग किलामिटर रहेको छ। यस प्रदेशले नेपालको कुल भूभागको ६.७३ प्रतिशत भूभाग ओगटेको छ। यस प्रदेशको कुल जनसंख्या ५४२६३८८ रहेको छ। प्रदेश नं २ जनसंख्याको हिसावले दोश्रो ठुलो प्रदेशको रुपमा रहेको छ। । प्रशासनिक विभाजनका अनुसार यस प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ वटा गाउंपालिका गरी जम्मा १३६ वटा स्थानीय तहहरू रहेका छन्।

सन् २०११ मा प्रकाशित प्रदेश स्तरीय तुलनात्मक विकास अवस्था नामक जर्नल अनुसार नेपालको मानव विकास सूचकांक ०.५२२ र प्रदेश २ को मानव विकास सूचकांक ०.४८८ रहेको छ जुन कर्णाली र सुदुरपश्चिम प्रदेश माथि र प्रदेश १, ३, गण्डकी र ५ भन्दा कम रहेको छ। यस प्रदेशको गरिबीको प्रतिशत ४१.७७ छ र निरपेक्ष गरीवीको रेखामुनी रहेका जनसंख्याको प्रतिशत १९.८ रहेको छ जुन कर्णाली र सुदुरपश्चिम भन्दा राम्रो अवस्थामा रहेको छ। शिक्षा, विज्ञान तथा प्रविधी मन्त्रालयले प्रकाशित गरेको तथ्यांकमा शिक्षा नामक कितावमा नेपालको साक्षरता प्रतिशत ६५.९४ रहेको छ र प्रदेश नं २ को साक्षरता प्रतिशत ४९.५४ रहेको छ।

प्रदेश नं २ समुद्री सतहबाट ६५ देखि ३०० मिटर सम्मको उचाईमा रहेको छ। यस प्रदेशको औषत तापक्रम २५ डिग्री सेल्सियस रहेको छ। गर्मी मौसममा यस प्रदेशको अधिकतम तापक्रम ४० डिग्रीभन्दा बढी रहन्छ र जाडो मौसममा ७ डिग्रीभन्दा कम तापक्रम हुने गर्दछ [1]। बातावरणीय तथ्यांक २०१९ अुनसार प्रदेश २ को वार्षिक औषत वर्षा १५०० देखि २००० मिलि हुने गरेको छ। नेपालको अन्न भण्डार मानिने यस प्रदेशमा साना ठुला गरी ५० भन्दा बढी खोला तथा नदीनालाहरू बग्ने गर्दछन्। प्रशस्त संभावना, समथर जमिन, सुन्दर र उव्जाउशिल भूमि भए तापनि यो प्रदेश विपद् जोखिमको दृष्टिले उच्च जोखिम प्रदेशको रुपमा रहेको छ। प्रत्येक वर्ष बाढी, डुवान, कटान तथा पटानले ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ।

बाढी, खडेरी, आगलागी, शीतलहर, माहामारी, लु, असिना, जंगली जनावरबाट अन्नबाली क्षति, कृषी बालीमा लाग्ने रोग, चट्याङ्ग, हावाहुरी, पोखरीमा डुव्ने र सर्पदंश यस प्रदेशको विपद् निम्त्याउने प्रमुख प्रकोपहरू हुन्। विपद्बाट प्रत्येक वर्ष हजारौंको संख्यामा महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू प्रभावित हुने गरेका छन्। विगत १० वर्षको विपद्को विश्लेषण गर्दा प्रदेश २ बहुप्रकोपबाट ३४७ जना मानिसहरुको मृत्यु भएको छ भने १३५७७ परिवार प्रभावित भएको तथ्यांक रहेको छ। प्रदेश २ मा हुने विपद्जन्य घटना को सम्वन्ध प्रदेश २ संग मात्र नभै प्रदेश १ र ३ संग पनि रहेको छ। तीनवटै प्रदेशका साझा नदीहरू, वनजंगल आदिले एक अर्को प्रदेशमा असर गर्दछ। प्रदेश १ र ३ बाट बगेर आउने नदीहरुले माटो, ढुंगा, गेग्रान बगाएर ल्याई तराईको समथर जमिनमा थुपार्ने हुनाले

[1] Climate of Nepal, Nepal Now

नदीको सतह बढेर खेतीयोग्य भूमीलाई बगरमा परिणत गरिदिएको छ । प्रदेश १ र ३ का नदीहरुमा निर्माण गरिने बांधका कारणले प्रदेश २ को भूमिगत सिंचाईमा प्रत्यक्ष प्रभाव पार्न सक्दछ। यसैगरी प्रदेश १ र ३ अर्न्तगत रहेका वनजंगलहरुबाट निस्कने जंगली जनावरहरुले प्रदेश २ का अन्नवालीहरुमा क्षति गर्ने साथै मानिसहरुलाई पनि आक्रमण गर्ने गरेको पाइन्छ । यसर्थ प्रदेश १, २ र ३ ले समन्वयात्मक तरिकाले विपद्को जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न कार्य गर्नुपर्दछ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, स्थानीय सरकार सञ्चालन ऐन, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ - २०३० तयार भई कार्यान्वयनमा आएका छन् । प्रदेश २ सरकारले पनि विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन तयार गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेश २ को विपद् जोखिमको अवस्था र अन्तराष्ट्रिय दस्तावेज जस्तै सेण्डाई फ्रेमवर्कमा नेपाल सरकारले गरेको प्रतिवद्धता, नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन र संघीय तथा प्रादेशिक ऐनको मर्मको आधारमा प्रदेश २ सरकारले विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण र व्यवस्थापन नीति निर्माण गर्नुपर्ने आवश्यकता भएकोले यो नीति तयार गरी कार्यान्वयनमा ल्याएको छ ।

## १.२ योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य)

प्रदेश नं २ एक बहु प्रकोप प्रभावित प्रदेश हो । प्रत्येक वर्ष कुनै पनि सिजनमा कुनै न कुनै प्रकोपको घटना यस प्रदेशमा हुने गर्दछ । वैशाख जेष्ठको महिनामा आगालागी, हावाहुरी, असार श्रावण भदौमा बाढी, डुवान, महामारी, लु , सर्पदंश, खडेरीको  प्रकोप असोज, मंसिर, पुष र माघमा शीतलहर, फागुन र चैत्रमा हावाहुरी, आगलागी जस्ता प्रकोपको घटनाहरू हुने गर्दछ। भूकम्प र वन्यजन्तुको जोखिम प्रत्येक महिनामा हुन्छ । अधिकांश ग्रामिण समुदायका घरहरू कमजोर भौतिक सामाग्री प्रयोग गरेर वनाइएका कारण आगलागी, हावाहुरी, शीतलहर र बाढीका कारण सङ्टा सन्न अवस्थामा रहेका छन् । जलवायूका कारण समयमा वर्षात नहुदा खडेरीको समस्या पनि यस प्रदेशमा उच्च रुपमा रहेको छ । यसैगरी शहरी क्षेत्रका भवनहरू भूकम्प प्रतिरोधी नभएका कारण भूकम्पिय जोखिममा पनि रहेका छन् । प्रदेश २ को पर्सा, सप्तरी र रौतहट जिल्लामा वन्यजन्तुको आक्रमण र वालीनालीको क्षति पनि प्रत्येक वर्ष हुने गरेको छ ।

प्रदेश-२ बाढी, डुबान, कटान र पटान जस्ता प्रकोपहरूबाट वर्षेनी अत्यधिक मात्रामा प्रभावित हुने प्रदेशमध्ये पर्दछ । हरेक वर्ष बाढी, डुबान, कटान तथा पटानले हजारौं हेक्टर जमिन बगरमा परिणत हुँदै आएको छ भने हजारौं बिगाह जमिन कटान हुने गरेको छ । त्यसैगरी हरेक वर्ष चुरे क्षेत्रबाट बग्ने माटो, गेग्रानले नदी तथा खोलाको पिंध माथि उकास हुँदै आएको छ । परिणामस्वरूप नदीको सतह बढन गई वर्षातको समयमा खोला तथा नदीको पानी बस्तीभित्र पसेर डुबान हुने गरेको छ । तराईमा बाढी तथा डुबान शीर्षकको एक अध्ययनले सर्लाहीको लखनदेही नदीमा वर्षमा १७८००० मेट्रिक टन गेग्रानहरू थुप्रिने गरेकोर झण्डै ४५ वर्षको दौरानमा नदीको सतह २ मिटरले उकास भएर माथि आएको उल्लेख गरेको छद्द । राष्ट्रिय योजना आयोगको विपद् पछिको आवश्यकता लेखाजोखा सम्बन्धी एक प्रतिवेदनअनुसार वि.सं. २०७४ सालमा तराईमा आएको बाढी तथा डुबानले कूल ग्राहस्थ उत्पादनको ३ प्रतिशत क्षति गरेको थियोघ । यसैगरी गृह मन्त्रालयको तथ्याङ्कअनुसार बाढीबाट विगत

१० वर्षमा १२५ जनाको मृत्यु, २६ जना हराएका, ४४८६ घरहरू प्रभावित भएको, करिब १७०० गाईवस्तुहरूको मृत्युभएको र झण्डै ६५ करोडको आर्थिक क्षति भएको छद्ध ।

प्रदेश-१ र प्रदेश-३ मा जाने गरेको पहिरोको कारण नदीहरूले माटो, ढुङ्गा, बालुवा बगाएर ल्याउँदा र चुरे क्षेत्रबाट समेत बगेर आउने माटो, गेग्रान आदिले नदीको सतहलाई माथि उकास्ने गरेको कारणले प्रदेश-२ मा बाढी तथा डुबानको समस्या वर्षेनी देखिन्छ । यही अवस्था निरन्तर रहँदा तराईको खेतीयोग्य जमिन कालान्तरमा गएर मरुभूमिमा परिणत हुनसक्ने संभावना बढेर गएको देखिन्छ । जसको प्रत्यक्ष प्रभाव प्रदेश-२ मा मात्र नभएर समग्र देशको अर्थतन्त्रमा नै पर्न सक्ने यथार्थलाई नकार्न सकिदैन । यसका साथै छिमेकी राष्ट्र भारतद्वारा निर्माण गरिएको बाँध नेपाल सरकारद्वारा निर्माण गरिएको हुलाकी सडक, घरहरू बनाउँदा पानीले नडुब्ने गरी केही फिट माथि उठाएर नबनाउनु, बढदो तथा अव्यवस्थित शहरीकरण र पानी निकासको लागि व्यवस्थित ढल व्यवस्था नहुनु जस्ता विविध कारणहरूले गर्दा तराईका जिल्लाहरूमा डुबान, कटान र पटानको समस्या सृजना भएको देखिन्छ । वर्षातको समयमा अत्यधिक धनजनको क्षति गर्ने प्रदेश-२ अर्न्तगत बग्ने नदी तथा खोलाहरू देहायबमोजिम छन्:

सप्तरी : कोशी, खाँडो, बलान, महुली, त्रियुगा, सुन्दरी, खडग, घोरदह, जीता

सिराहा : कमला, गागन, बलान, खुट्टी, सर्रे, बताहा, घुर्मी, जीवा, मैनावती

धनुषा : कमला, चारनाथ, जमुनी, जलाद, औरही, विघी, दूधमती

महोत्तरी : रातो, भब्सी (अंकुशी), जंघाहा, विग्ही

सर्लाही : लखनदेही, मनुस्मारा, सीम, बागमती

रौतहट : बागमती, लालबकैया, चाँदी, झाँझ

बारा : लालबकैया, घनसर, बगर, भमरा, लालखोला, पसाह, बंगरी, दूधौरी, काट नदी, बालगंगा, जमुनीर अरुवा

पर्सा : तिलावे, जमुनिया, भेडाहा, सिर्सिया, सरस्वता, ओरिया

## २. मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्य योजनाको उद्देश्य

यस कार्ययोजनाका मूख्य मूख्य उद्देश्यहरु निम्नानुसार रहेका छन्ः

- विपद् जोखिमको तथ्यांकका आधारमा यस वर्षको सम्भावित जोखिम आँकलन गर्ने
- विपद् जोखिम आँकलनको आधारमा विपद्बबाट प्रभावित हुनसक्ने जनसंख्याको पूर्वानुमान गर्ने
- विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत क्षेत्र तथा  सरोकारवाला निकायहरुको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना एकीकृत गर्ने

- मनसुन पूर्वतयारी र प्रतिकार्यमा समन्वयात्मक र एकीकृत कृयाकलापहरु तय गरी सोहि अनुरुप कार्यान्वयन गर्ने
- विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका सम्पूर्ण कृयाकलापहरुमा थप प्रभावकारिता ल्याई मानवीय र भौतिक/आर्थिक क्षति न्यूनीकरण गर्ने
- संभावित भविष्यमा हुन सक्ने बाढी, डुबान, कटान र पटान लाई ध्यानमा राखी मानव तथा धनजनको क्षति कम गर्न प्रदेशले प्रभावकारी पूर्वतयारी गर्ने,
- बाढी, डुबान, कटान र पटानमा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल खोज तथा उद्धार गरी जीवन र धन सम्पतीको रक्षा गर्ने
- बाढी, डुबान, कटान र पटान बाट प्रभावित समुदायलाई सुरक्षित स्थानमा सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग जस्तै गांस, वास, कपास, शिक्षा र स्वास्थ्य सेवा र आवश्यकता अनुसार नगद उपलब्ध गराउनु,
- संकटासन्न समुह महिला,किशोरी, वालवालिका, अपांग, लैंगिक अल्पसंख्यक र जेष्ठ नागरिकलाई विशेष प्राथमिकता दिएर सहयोगका कार्यहरु गर्नु र उनीहरुको संरक्षण गर्नु


## ३. कार्ययोजना निर्माण प्रक्रिया

यस कार्ययोजना तयार गर्दा अपनाइएका प्रकृयाहरुमध्ये मूख्य मूख्य प्रकृयाहरु देहाय बमोजिम रहेका छनः

- आ व ०७७।७८ मा सम्पादन गरिएको प्रदेश स्तरिय मनसुन पूर्वतयारी र प्रतिकार्य संग सम्बन्धित कार्यहरुको समीक्षा
- आ व ०७७।७८ मा कार्य सम्पादन गर्दा देखिएका कमी कमजोरी र सुधार गर्नुपर्ने विषयहरुको पहिचान
- संविधान, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७५, प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५, लगायतका विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित कानुनी र नीतिगत प्रावधानहरूको अध्ययन विश्लेषण
- आन्तरिक मामिला तथा कानुन मन्त्रालय, प्रदेश २ मा गरिएको आन्तरिक छलफल र अन्तरक्रिया
- प्रदेश सरकारका सम्वद्ध विषयगत मन्त्रालयहरु, तोकिएका विषयगत क्षेत्र (Cluster mechanism) का नेतृत्वदायी सरकारी निकायहरु (LEADS), सहयोगी विकास साझेदार निकायहरु (CO–LEADS), सुरक्षा निकायहरु र मानवीय सहायताका क्षेत्रमा कार्यरत संस्थाहरु सँग छलफल र अन्तर्किया गरी प्राप्त सुझाव सहित लिखित कार्ययोजना
- प्रदेश सरकारका सम्बद्ध अधिकारी र निकायहरुसँग छलफल/अन्तर्किया, आदि ।

## ४. मनसुनः विपद् जोखिमको अवस्था

यस वर्ष साउनको दोस्रो र तेस्रो साता बाढी, पहिरो लगायत पानी जन्य अन्य विपद् एकै पटक खप्टिने सम्भावना देखिएको छ। कोभिड-१९ को दोस्रो स्टेन पनि यति बेला नै उत्कर्ष (Peaking) मा पुग्ने आंकलन गरिएको छ । जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार यस वर्षको वर्षा गत वर्षहरूका तुलनामा औसतभन्दा बढी हुने देखिन्छ । SASCOF र नेपाल मनसुन फोरमले, यस वर्ष मध्य र उच्च हिमाली भागहरुमा सामान्य मनसुन भन्दा माथि हुन सक्ने, मध्य दक्षिणी र पूर्वी नेपालमा सामान्य मनसुन हुन सक्ने र दक्षिणी पूर्वी भागहरुमा सामान्य मनसुन भन्दा माथि हुन सक्ने पूर्वानुमान गरेको छ। यस विश्लेषणका आधारमा पनि यस वर्षको मनसुनमा विपद्का घटनाहरूमा उल्लेख्य वृद्धि हुने आंकलन गर्न सकिन्छ।




चित्र १: सन् २०२१ को मनसुनी पूर्वानुमान /श्रोतः SASCOF र नेपाल मनसुन फोरम

यस वर्षको मनसुनमा सरदर भन्दा बढी वर्षाको साथसाथै केन्द्रीकृत (concentrated) पानी पर्ने सम्भावना पनि देखिन्छ । छोटो समयमै अत्याधिक भारी वर्षा (cloud burst) भएको खण्डमा स्वाभाविक रूपमा जलजन्य विपदका घटनामा वृद्धि हुन्छ । यस पटकको pre–monsoon मा अरब सागरमा उत्पन्न भएको 'ताउ-ते' आँधी र मध्यपूर्वी बंगालको खाडीमा रहेको न्यून-चापिय प्रणालीले उत्पन्न गरेको चक्रवात (Cyclonic Storm) का कारण अत्याधिक पानी परेको र जमिन भिजिसकेको हुँदा मनसुनमा डुबान, कटान तथा पहिरोका घटनाहरूमा बढोत्तरी हुने देखिन्छ ।

## ५. हिउदमा भएको डढेलो र मनसुनमा घट्न सक्ने मौसमजन्य विपदको अन्तर सम्बन्धः

गत वर्षको सुखायाममा भएको डढेलो र आगलागीका कारणले पनि बनजंगलमा क्षति पुग्न गएको हुँदा यस वर्षको मनसुनमा बाढीरपहिरोको घटनामा उल्लेख्य वृद्धि हुने आकलन गर्न सकिन्छ ।

नेपालमा डढेलोले हिउँद (मंसिर देखि मध्य फाल्गुण) र गर्मियाम (मध्य फाल्गुण देखि जेष्ठ सम्म) प्रभाव पारेको देखिन्छ । प्रायजसो वैशाखको दोस्रो सातामा डढेलोको समस्या अधिकतम हुन्छ । झण्डै ८३% डडेलोका घटनाहरु मध्य फाल्गुण देखि बैशाख सम्म र ६०% डढेलो मध्य चैत्र देखि मध्य वैशाखसम्म एकै महिनामा हुने गरेको देखिन्छ ।नेपालका प्रायजसो जिल्लाहरु डढेलोका कारण प्रभावित भएका छन् ।वन डढेलोको कारण प्रत्येक वर्ष नेपालले कैयौ हेक्टर वन जंगल लगायत धन जनको क्षति व्यहोर्नु परेको छ । वन तथा भूसंरक्षण विभाग र ICIMOD ले २०१९ गरेको अध्ययन अनुसार नेपालका १३ जिल्लाहरू अति संवेदनशील मा प्रदेश नं.२ का पर्सा जिल्ला र ११ जिल्लाहरु संवेदनशील मा यस प्रदेशका बारा जिल्ला रहेका छन्।

सामान्यताः नेपालमा मंसिर देखि मध्य जेठ सम्मलाई डढेलो मौसम मान्न सकिन्छ ।झण्डै ८३ प्रतिशत डढेलोका घटनाहरु मध्य फागुन देखि मध्य बैशाखसम्म देखिन्छ भने ६० प्रतिशत त मध्य चैत्र देखि मध्य बैशाख मै हुने गर्दछन् ।यस वर्ष विगत केहि दिनदेखि  नेपालको आकाश पुरै वायु प्रदूषणले ढाक्यो ।यसले जनस्वास्थ्यमा (विषेश गरी आँखा पोल्ने) समेत असर गर्यो । Visibility कम हुँदा धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई उडानहरु समेत प्रभावित भए । यो अवस्था अझै केहि समय रहने वातावरण विज्ञहरुले बताएका छन् ।यो वायु प्रदूषणमा विषेश गरी हाल व्यापक बढिरहेको डढेलो प्रमुख कारक रहेको विज्ञहरुले बताएका छन् ।यसमा सवारी साधनहरुबाट निस्कने धुवा, धुलोको कणहरु, खेतबारी सफागर्न छ्वालि आदि बाल्दा निस्कने धुवा, कल कारखानाबाट निस्कने धुवा समेत रहेको हुन्छ । डढेलो विपत्तिका दृष्टिकोणले यस वर्ष २०७७/०७८ अति धेरै नै डढेलोका घटनाहरु भए । यसले वायु प्रदूषण समेत बढायो । विगत ९ वर्षमा नेपालमा घटेका डढेलोका घटनाहरु हेर्दा, यस वर्ष अत्याधिक डढेलो लागेको देखिन्छ ।गत वर्षको तुलनामा यस वर्ष झण्डै ११ गुणा डढेलो लागेको देखिन्छ । तुलनात्मक डढेलोका घटनाहरु तल चित्र २ को ग्राफमा हेर्न सकिन्छ ।




चित्र २:  २०७० देखि २०७८ सम्म घटेका डढेलोका घटनाहरु/श्रोतः NASA/MODIS

उपल्लो जलाधार क्षेत्रमा यस वर्षको विकराल डडेलोका कारण जमिन नाग्गिएकोले भूक्षय, बाढी, पहिरोका घटनाहरु यस वर्ष आझ बढ्ने सम्भावना छ ।

बाढी, पहिरो तथा पानीजन्य रोगहरुको सम्भावना आंकलन गरी यस वर्ष वर्षायाममा प्रदेश २ मा लगभग ५ लाख जनसंख्या प्रभावित हुने अनुमान गरिएको छ ।

बाढीको केसलोड, सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको DRR पोर्टल, विपद् पोर्टल र DOI/DWIDM र WFP तथ्याङ्कको आधारमा गरिएको विभिन्न वैज्ञानिक विश्लेषण अनुसार स्थायी नदी र अस्थायी नदीको बाढी बाट २०२१मा प्रभावित हुनसक्ने जनसंख्या र पछिल्ला १० बर्षको प्रभावित औसत जनसंख्या जिल्ला अनुसार तालिका १मा प्रस्तुत गरिएको छ ।

सीमावर्ती क्षेत्रमा भारत सरकारले बनाएको तटबन्ध, बाँध, अग्ला सडक, रेलमार्ग, ब्यारेज र नहर प्रणाली लगायत संरचनाले पनि प्रदेश २ का बस्ती र खेतबारी धेरै जोखिममा छन् । यस्ता संरचनाले सीमावर्ती गाउँबस्तीमा बाढी (Floods), डुबान (Inundation), कटान (Bank Cutting), पटान (Sand Deposition) को जोखिम उच्च बनाइदिएको छ । प्रदेश नम्बर २ मा बाढीजन्य जोखिम अत्याधिक हुने आंकलन गरिएको छ यिनै तथ्याङ्करुको विश्लेषण र सरोकारवाला निकायहरुको विषयगत विश्लेषण, ज्ञान, सीप र अनुभवका आधारमा यस वर्षको मनसुनमा विपद्का घटनाहरुमा उल्लेख्य वृद्धि हुने आकलन गरिएको छ।

## तालिका १: मनसुन २०२१ को लागि बाढी केस लोड अनुमान

| जिल्ला | स्थायी नदीको लागि भौगोलिक प्रणालिमा आधारित बाढी विशलेषणबाट निकालिएको प्रभावित हुनसक्ने जनसंख्या | अस्थायी नदीको लागि भौगोलिक प्रणालिमा आधारित बाढी विशलेषणबाट निकालिएको प्रभावित हुनसक्ने जनसंख्या | पछिल्ला १० बर्षको प्रभावित औसत जनसंख्या (२०१०-२०२०) कुल केस लोड (जनसंख्या) | कुल केस लोड (जनसंख्या) |
|---|---|---|---|---|
| **सप्तरी** | ६,४५१ | १३,१७४ | १६,८६२ | १८,६५८ |
| **सिरहा** | १२९,७२३ | | ६९३ | १०२,१२८ |
| **धनुषा** | ३३,१०१ | १,४९७ | १९७ | २२,५५८ |
| **महोतरी** | ५,४७८ | ५,७८८ | १०१,३०७ | ४२,७८१ |
| **सर्लाही** | ११२,७१ | ४८,११३ | ३३६ | १०४,६५६ |
| **रौतहट** | १५८,३५५ | १००,७९२ | १,११६ | १६८,८३७ |
| **बारा** | | १,४३४ | ५६४ | १,१३० |
| **पर्सा** | १२,६५१ | | ५९४ | ८,४३१ |
| **कुल जम्मा** | **३५७,०३०** | **१७०,७९८** | **१२१,६६९** | **४६९,१७९** |

## तालिका २: लक्षित जनसंख्या (विषयगत क्षेत्रहरू अनुसार)

| क्लस्टर | आवश्यकतामा रहेका | लक्ष्य | एकाइ |
|---|---|---|---|
| १. प्रारम्भिक उद्धार | ८३७८१ | ८३७८ | घरधुरी |
| २. शिक्षा | ९३८३५ | १८७६७ | जनसंख्या |
| ३. खाद्य सुरक्षा | १८७६७१ | ७५०६८ | जनसंख्या |
| ४. स्वास्थ्य | ४६९१७७ | ९३८३६ | जनसंख्या |
| ५. पोषण | १००००० | १००००० | जनसंख्या |
| ६. संरक्षण | ३५१८८ | ८७९७ | घरधुरी |
| ७. आश्रयस्थल/शिविर समन्वय तथा शिविर ब्यवस्थापन (Shelter/CCCM) | १४०७५३ | ४२२२६ | जनसंख्या |
| ८. खानेपानी, सरसफाइ तथा स्वच्छता | ३५१८९ | ८७९७ | घरधुरी |
| बन्दोवस्ती तथा आपूर्ति ब्यवस्थापन | **४६९,१७९** | २३४,५८९ | जनसंख्या |

## ६. पानीजन्य अन्य जोखिम

मनसुनका बेला पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ। झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट बर्सेनी हजारौ मानिसहरू र विशेष गरी बालबालिकाको मृत्यु हुने गरेको देखिन्छ। विगतमा झाडापखाला, कालाज्वर, हैजा, प्लेग, डेंगु, इन्फुलुएन्जा, फ्लु, लगायत प्रमुख महामारीका रुपमा रहेका थिए। पानीजन्य र अन्य सम्बन्धित विपदः मनसुनको समयमा डेङ्गु, कालाज्वर, झाडापखाला जस्ता पानीबाट हुने रोगहरु तथा सर्पदंशका कारण बर्षेनी धेरै जनाको ज्यान जाने  गरेको छ। दुषित पानीको प्रयोग, जिवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमि, लगायतका कारण महामारीका घटनाहरु दोहोरिरहेका छन्। पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भइ यस्ता घटना हुने गरेका छन। तथ्याङ्कलाई हेर्दा अरु प्रकोपहरु भन्दा महामारीको कारणले धेरै जनाको ज्यान गएको देखिन्छ।


साउन, भदौमा सर्प दंशको घटना पनि बढ्छ। गत वर्ष सर्पले टोकेर नेपालमा ३३ जनाको ज्यान गयो। यसपाली पनि विभिन्न पानीजन्य रोग र विपद्का घटना हुने अनुमान गरिएको छ।

अध्ययनले संसारमै चट्याङका तीन ‘हटस्टप’ मध्ये नेपाललाई एक मानेको छ। मनसुनको समयमा नेपालमा धेरै चट्याङ परेर मानवीय, आर्थिक तथा भौतिक क्षति हुने गरेको छ। प्रदेश २ मा बाढी पछि बढी मानवीय क्षति चट्याङका कारणबाट हुने गरेको छ। २०६८ सालदेखिको तथ्याङ्कलाई हेर्ने हो भने नेपालमा औसत वार्षिक एक सय जनाको चट्याङका कारण ज्यान जाने गरेको छ भने झण्डै पाँच सय जना घाइते हुने गरेका छन्।

## ७. कोभिड-१९

यस वर्ष पनि वर्षा याममा कोभिड-१९ दोस्रो लहरको संक्रमण पनि उत्कर्षमा पुग्ने बलियो सम्भावना देखिएको छ। बाढी, पहिरो, डुबान लगायतको पूर्वतयारी र प्रतिकार्य कोभिड-१९ को दोस्रो लहरले प्रभावित हुने निश्चित छ।उद्दार, पुनर्स्थापना र प्रतिकार्यका अरु क्रियाकलाप कोभिड-१९को सम्भावित संक्रमणबाट जोगिएर गर्नुपर्ने चुनौती छ। डुबान र बाढीको अत्याधिक जोखिम रहेको प्रदेश २ का जिल्ला नै कोभिड-१९को पनि धेरै जोखिममा छन्। यसरी खप्टिने सबै विपद्हरुसँग तयारीका साथ सामना गर्ने गरि यो कार्य योजना तयार गरिएको छ। तलको चित्र मा  बाढी र कोभिडको जोखिम अनुसार नेपाल तथा प्रदेश २ का कम, मध्यम र उच्च जोखिममा रहेका जिल्लाहरू नक्शामा प्रस्तुत गरिएको छ।

**बाढी र कोभिडको जोखिम नक्सा**




*बाढी र कोभिडको जोखिम नक्शा/श्रोत:विपद् पोर्टल(bipadportal.gov.np)/ MoHP)*

प्रदेश नं २ को गत वर्ष २०७७ को विपद् पोर्टलको तथ्याङ्क हेर्दा यस प्रदेशका रौतहट, सर्लाही, धनुषा, सिराहा र सप्तरी जिल्लामा जम्मा ५ वटा बाढीका घटना भएका र घटना घटेको जसबाट ठुलो क्षति भएको छ र सोको तथ्यांक संकलन को क्रममा रहेको छ। त्यसैगरी पहिरोको तथ्याङ्कलाई हेर्दा महोत्तरीमा १ वटा पहिरोको घटना घटेको देखिन्छ। गत वर्ष ९८ वटा भारी वर्षाका घटनाले ८ वटा जिल्ला प्रभावित भएका थिए। त्यसैगरी गत वर्षको सर्पदंश , चट्याङ्ग, आगलागी, हावा हुरी र जनावर आतङ्क सम्वन्धी क्रमशः ११, ३५, ६०५, २३ र ३० वटा घटनाका कारण कुल रु ३०४५१४३५० भन्दा बढी प्रत्यक्ष क्षति भएको प्रारम्भिक बराबरको अनुमान गरिएको छ।२०७७ सालमा प्रदेश नं २ अन्तर्गत घटेका बाढी, पहिरो, भारी वर्षा, सर्पदंश, चट्याङ्ग, आगलागी, हावा हुरी र जनावर आतङ्क सम्बन्धी घटनाहरू र त्यसबाट पुगेको क्षतिको विस्तृत विवरण अनुसूची खण्डमा प्रस्तुत गरिएको छ। विपद् पूर्वतयारी र प्रतिकार्यका लागी आवश्यक जनशक्ति, स्वास्थ पुर्वाधार सख्या, जिल्ला विपद प्रतिकार्य योजना र जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा रकम तथा विपद्का समयमा परिचालन हुन सक्ने सामाग्रीको अद्यावधिक राख्ने कार्य गरिएको छ र यसको विस्तृत विवरण अनुसूची खण्डमा समावेश गरिएको छ।

## ८. पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य योजना

### ८.१ प्रभावमा आधारित मनसुन पूर्वसुचना प्रणाली (Impact Based Forecasting):

यसै वर्षको मनसुनदेखि, विशेषगरी पहिरो जन्य विपद जोखिम न्यूनीकरणका लागि, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यबस्थापन प्राधिकरणले जल तथा मौसम विज्ञान विभागको सहकार्यमा प्रभावमा आधारित पूर्वसुचना प्रणालीको थालनी गरेको छ। तर यस प्रणली को शुरुवात प्रदेश २ मा हाल भएको छैन।

### ८.२ खुला स्थानको पहिचान, विकास र उपयोग

विपद् बाट प्रभावित भई विस्थापित भएकाहरुलाई आवश्यकतानुसार आश्रयस्थलको रुपमा उपयोग गर्न तथा मानवीय सहायताका कार्यहरु सञ्चालन गर्न खुला स्थानको पूर्व पहिचान गरिनुपर्छ। खास गरी घनावस्ती भएका शहरी क्षेत्रमा यस्ता स्थानहरुको उपलब्धताले आपत्कालिन प्रतिकार्यमा ठूलो सहजिकरण हुन्छ। त्यसैले शहरी क्षेत्रमा उपलब्ध खुला स्थानहरु पहिचान गरी संरक्षण तथा सेवा सुविधा विकास गरी पहुँच योग्य बनाएर सबैलाई जानकारी गराउनु पर्ने हुन्छ। मानवीय सहायतामा प्रयोग गरिने प्रदेश भरिका खुला क्षेत्रहरु पहिचान र उचित व्यवस्थापन गरी विपद् पूर्वतयारी सुदृढ गराउनुपर्ने चुनौति हाम्रो सामु छ।

### ८.३ आवास पुनर्निर्माण तथा पुनःस्थापना अभियान

नेपालमा मनसुनजन्य विपद्का कारण वर्षेनी औषतमा ५ हजार ७ सय ७४ वटा घरहरु क्षतिग्रस्त हुनेगरेका छन्।जसमध्ये १,३९६ घरहरु पूर्णरुपले क्षतिग्रस्त हुने गर्दछन् (drrportal.gov.np, June 10 to Sep 10 data)। विगतका अन्य वर्षहरुको तुलनामा २०७७ को मनसुनी वाढी र पहिरोले बढी क्षति पुर्याएकोले त्यस्ता घरवास विहीन भएका परिवारहरुलाई निजी आवास वनाउनका निमित्त सरकारका तर्फवाट अनुदान सहयोग उपलब्ध गराउने कार्य शुरु गरिएको छ।यसका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले मिति २०७७।०९।२६ गतेको बैठकवाट "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०७७" जारी गरेको छ।

आपत्कालीन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यमा खर्च सुनिश्चित गर्नुको अलावा पुनर्निर्माण तथा पुनःस्थापनाको काम पनि स्थानीय तह र प्रदेश सरकारसँगको लागत सहभागिता र सहकार्यमा हुने भएकोले सबै तहका सरकारहरुको बार्षिक बजेटमा आवश्यकता अनुसार रकम विनियोजन गरिनु जरुरी हुन्छ।

### ८.४ आपतकालिन सामाग्रीहरुको निकायगत क्षेत्रहरुमा उपलब्ध श्रोत साधनहरुको आंकलन

आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामाग्रीको उचित बेबास्ता र सोको भण्डारण हुन जरुरी हुन्छ।यस वर्षका लागि विविन्न निकायमा मौजत रहेका आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामाग्री, विपद् व्यवस्थापनको लागी सुरक्षा  निकाय अन्तर्गतका विपद् घटनाहरुमा यथाशिघ्र

परिचालनका लागि दक्ष जनशक्तिको विवरण, आपत्कालीन उद्धार र राहतका लागि आवश्यक सामाग्रीक सर्पदंश उपचार केन्द्रको विवरण तयार गर्न आवश्यक देखिन्छ ।आपत्कालीन कार्यको लागि पूर्वतयारी तथा प्रतिकार्यमा खर्च सुनिश्चित गर्नुको अलावा पुनर्निर्माण तथा पुनःस्थापनाको काम पनि स्थानीय तह र प्रदेश सरकारसँगको लागत सहभागिता र सहकार्यमा हुने भएकोले सबै तहका सरकारहरुको बार्षिक बजेटमा आवश्यकता अनुसार रकम विनियोजन गरिनु जरुरी हुन्छ ।

## ९. विषयगत नेतृत्व र सह नेतृत्व लिने निकायहरु

| **क.सं.** | **विषयगत क्षेत्र** (Clusters) | **नेतृत्व गर्ने निकाय** (Clusters Lead) | **प्रमुख सहयोगी निकाय** (Clusters Co Lead) |
|---|---|---|---|
| १ | **समन्वय, सुचना तथा संञ्चार (Co–ordination, Information and Communication)** | **आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय** | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान, UNDP र WFP |
| २ | **खोज तथा उद्धार (Search and Rescue)** | **आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय** | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान, |
| ३ | **तत्कालिन पुर्नलाभ (Early Recovery** | **आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय** | जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान, र UNDP |
| ४ | **शिक्षा (Education)** | **सामाजिक विकास मन्त्रालय** | UNICEF |
| ५ | **स्वास्थ्य (Health)** | **सामाजिक विकास मन्त्रालय** | WHO र UNICEF |
| ६ | **पोषण (Nutrition)** | **सामाजिक विकास मन्त्रालय** | UNICEF |
| | **आपत्कालीन आश्रय स्थल र शिविर समन्वय तथा व्यवस्थापन (Shelter and Camp Coordination and Camp Management “CCCM”)** | **भौतिक पुर्वाधार विकास मन्त्रालय** | International Organization for Migration (IOM), IFRC र World Vision International |
| ८ | **खानेपानी, सरसफाई र स्वच्छता (WASH)** | **खानेपानी तथा उर्जा विकास मन्त्रालय** | UNICEF |

| | | | |
|---|---|---|---|
| ९ | **खाद्य सुरक्षा (Food Security)** | **भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय** | WFP र FAO |
| १० | **संरक्षण (Protection)** | **महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय** | UNICEF र UNFPA |
| ११ | **बन्दोवस्ती तथा आपूर्ति ब्यवस्थापन (Logistic and Supply Chain)** | **बाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय** | WFP |

## १०. पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य जिम्मेवारी

## विषयगत मन्त्रालयहरुका पूर्वतयारी र प्रतिकार्य सम्बन्धी मुख्य जिम्मेवारी

| |
|---|
| क) **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** |
| **पुर्वतयारीका मुख्य क्रियाकलापहरुः**<br>● मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि सबै स्थानीय तहहरुसंग निरन्तर समन्वय गर्ने ।<br>● प्रदेशमा रहेको विपद् व्यवस्थापन कोषको अभिबृद्धि गर्ने ।<br>● विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि प्रदेश तहका सबै विषयगत मन्त्रालयहरुलाई परिचालन, समन्वय र निर्देशन गर्ने ।<br>● विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक नीति, रणनीति, नियम, मापदण्डहरु पारित गर्ने ।<br>● विपद् व्यवस्थापनका लागि संघीय सरकारसंग समन्वय र सहकार्य गर्ने ।<br>● विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि भएका सम्पूर्ण कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने। |

| |
|---|
| **ख.१ आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय, प्रदेश २** |
| **विषयगत क्षेत्रः समन्वय, सुचना तथा संञ्चार (Co–ordination, Information and Communication) र खोज तथा उद्धार (Search and Rescue)** |
| **सहयोगी निकायः** जिल्ला प्रशासन कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान |
| **विषयगत क्षेत्र को सदस्यहरुः** नेपाल रेडक्रस सोसाईटी, स्थानिय सरकार |

**पुर्वतयारीका मुख्य क्रियाकलापहरुः**

- प्रदेश आपत्कालिन कार्य सञ्चालन केन्द्र (Provincial Emergency Operations Centre) लाई २४ सै घण्टा सञ्चालनमा राख्ने । जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र (District Emergency Operations Centre) र स्थानीय आपत्कालिन कार्यसञ्चालन केन्द्र (Local Emergency Operations Centre) हरुलाई पूर्वतयारीको अवस्थामा राख्ने।
- जल तथा मौसम विज्ञान विभागसँग तथा सिँचाई विभागसँग सहकार्य गरी बाढी र डुबानको पूर्व सूचना प्रणालीलाई थप चुस्त र व्यवहारिक बनाउने।
- बाढी र डुबान पूर्वतयारीका लागि जिल्ला प्रशासन कार्यालयमा आवश्यक सहयोग गर्ने
- सबै जिल्ला विपद् व्यवस्थापन समितिलाई कृतिम अभ्यासका लागि आवश्यक सहयोग उपलब्ध गराउने।
- स्वयंसेवक गठन तथा परिचालन प्रणाली विकास गर्ने।
- आकस्मिक भूस्खलन क्षेत्र, पहिरो प्रभावित क्षेत्र, गल्छी क्षेत्रहरूको जोखिम न्यूनिकरण सम्बन्धी निर्माण कार्य गर्ने । प्रतिकार्यका लागि चाहिने उद्धार सामग्रीको व्यवस्था तथा समन्वय गर्ने तथा कटान प्रभावित जिल्लामा आश्रय स्थल निर्माण गर्ने।
- गृह मन्त्रालयसँग समन्वय गरी बाढी र डुबानको क्षतिको लेखाजोखा गर्न ड्रोनको प्रयोगमा सहजिकरण गर्ने ।
- प्रतिकार्यका क्रियाकलापहरु
- राहत,खोज तथा उद्धार कार्यमा समन्वय र सहजिकरण गर्ने।
- बाढी तथा पहिरो बाट क्षति भएका निजी आवासको पुनर्निमाण र पुनर्स्थापना गर्ने ।
- मनसुनबाट प्रभावित समुदायमा पुनर्लाभका कार्यक्रमहरू गर्ने।
- मौसम पुर्वानुमान विभाग सउंग समन्वय गरी वाढी पुर्वानुमान व्यवस्था लाई विकास गर्ने
- गृह मन्त्रालय संग समन्वय र सहकार्य गर्ने
- खोज, उद्धार तथा राहत सामग्री को व्यवस्था गरी राख्ने
- भण्डारण गरी राखेको खोज उद्धार तथा राहत सामग्रीहरु गुणस्तर सुनिश्चित गरी जिल्ला जिल्ला सम्म पुर्याउने
- कम्तीमा एउटा भण्डारण स्थल बनाउने
- स्थानिय तह हरु लाई विपद पुर्वतयारी तथा प्रतिकार्य योजना बनाउन सहयोग गर्ने
- पानी जम्ने स्थान हरुको पहिचान गर्ने
- संघिय सरकार संग समन्वय गरी पानी जमाव को व्यवस्थापन गर्ने
- प्रदेश आपत्कालिन कार्य सञ्चालन केन्द्र लाई प्रभावकारी बनाउने ।
- जल तथा मौसम विज्ञान विभाग सँगको समन्वयमा NDRRMA सँगको सहकार्यमा बाढी जन्य प्रकोपको असरमा आधारीत पूर्वानुमान गर्ने ।

| |
|---|
| **ख.२ आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय, प्रदेश २** |
| **विषयगत क्षेत्रः तत्कालिन पुर्नलाभ (Early Recovery)** |
| **सहयोगी निकायः** UNDP |
| **विषयगत क्षेत्र को सदस्यहरुः** नेपाल रेडकस सोसाईटी, स्थानिय सरकार तथा विकास साझेदार संस्थाहरु |
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरु**<br>• मनसुनजन्य विपद्को जोखिममा भएका स्थानीय तहहरुलाई मनसुन अगावै यस सम्बन्धी पूर्वतयारी, जोखिम न्यूनीकरण तथा प्रतिकार्यको सम्बन्धमा स्थानीय सरकारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने ।<br>• मनसुनजन्य जोखिमका सम्बन्धमा स्थानीय समुदायमा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने।<br>• स्थानीय तहमा भएका बाढी, डुबान र पहिरो सम्बन्धी पूर्वसूचना प्रणाली चुस्त रुपमा संचालन गर्न स्थानीय तहहरुलाई निर्देशन गर्ने ।<br>• विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा स्थानीय समुदायमा क्रियाशिल विकास साझेदार संघ-संस्था, गैर-सरकारी संघ-संस्थाहरुलाई तयारी अवस्थामा रहन तथा सम्बन्धित स्थानीय तहहरुसँग समन्वय र सहकार्यमा आवश्यक क्रियाकलाप अगाडि बढाउने ।<br>• स्थानीय तह भएका सबै क्वारेण्टाईन स्थल, खुला क्षेत्र, सम्बन्धित आश्रयस्थल सम्बन्धि सूचना, लागत एकीकृत गर्ने र सो क्षेत्र व्यवस्थित गरी तयारी हालतमा राख्ने ।<br>• स्थानीय समुदायमा मानविय सहायताको क्षेत्रमा कृयाशिल संघ-संस्थालाई तयारी अवस्थामा रहन अनुरोध गर्ने ।<br>• विस्थापीतका लागि विषयगत मन्त्रालयको सहयोग तथा समन्वयमा ७ दिन सम्म खाद्यान्न, सरसफाई र अस्थायी आवास तथा औषधोपचार मिलाउने ।<br>• विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघ संस्था संग समन्वय गर्ने ।<br>• विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास गर्ने/गराउने ।<br>• विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहतको लागि जिल्ला र स्थानीय विपद् व्यवस्थापन कोष स्थापना र कोषको अभिवृद्धि गर्ने ।<br>• विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा सामाजिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले तोके बमोजिमको कार्य गर्ने गरेको, नगरेको अनुगमन गर्ने ।<br>• स्थानीय स्तरमा आपत्कालीन कार्यसंचालन केन्द्रको स्थापना भएमा कार्यसंचालन गर्ने र नियमित रुपमा Reporting / Recording गर्ने व्यवस्था मिलाउने । |

- विपद्को समयमा प्रयोग गर्नुपर्ने सर-सामानहरु जस्तैः लाईफ भेष्ट, डुङ्गा, emergency health kit, वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्ने ।
- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भए गरेका कार्यहरुको समिक्षा, अनुकरणीय कार्य मुल्याङ्कन (Best practice) र आवश्यक पृष्ठपोषण (Feedback) सहितको प्रतिवेदन तयार गरी जिल्ला तथा स्थानीय तहमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।
- विपद परी हराएका, विग्रेका वा नष्ठ भएका कागजातहरुको यकीन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने ।

## ख.३ आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय, प्रदेश २

**विषयगत क्षेत्रः आपतकालिन संञ्चार** (Emergency Communication)

**सहयोगी निकायः** WFP

**विषयगत क्षेत्र को सदस्यहरुः** नेपाल रेडक्रस सोसाईटी, स्थानिय सरकार तथा विकास साझेदार संस्थाहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- बाढी, पहिरो तथा पानीजन्य अन्य विपद् सम्बन्धी सचेतनाका संचार सामाग्री बनाई विभिन्न सञ्चारका माध्यम मार्फत विभिन्न भाषामा प्रचार प्रसार गर्ने ।
- बाढी, डुबान, पहिरो (सम्भव भएसम्म) पूर्व सूचना प्रणालीका लागि दुरसञ्चार सेवा प्रदायक संस्था मार्फत बाढी पहिरो सम्बन्धी सचेतना SMS सम्प्रेषण गर्ने ।
- यसैगरी बाढी, डुबान पहिरो लगायत विपदको सूचना Caller Back Ringtone मार्फत जानकारी गराउने

**प्रतिकार्यका मुख्य  क्रियाकलापहरु**

- विभिन्न विपद् बारे विभिन्न माध्यमबाट जीवन बचाउन र जीवन निर्वाहका लागि उपयोगी सूचनाहरु प्रचारप्रसार गर्ने ।
- बाढी वा डुवानको कुनै ठाउँको सञ्चार सम्पर्क विच्छेद भएमा यथाशिघ्र पनुर्सञ्चालन गर्न पठाइहाल्ने।

**ग.आर्थ मन्त्रालय**

- विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्थापन गर्ने ।
- विपद्को समयमा आवश्यक रकम यथाशीघ्र निकाशाको व्यवस्था गर्ने ।
- विपद् प्रभावित क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरुको निरन्तर सेवा प्रवाह गर्न समन्वय गर्ने ।
- आर्थिक गतिविधिहरु सञ्चालन गर्न सहजीकरण गर्ने ।

**घ. भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश २**

**विषयगत क्षेत्रः आपत्कालीन आश्रय स्थल (Shelter) र शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination and Camp Management "CCCM")**

**सहयोगी निकायः International Organization for Migration, IFRC, World Vision International**

**विषयगत क्षेत्र को सदस्यहरुः** उधोग वाणिज्य संघ, संयुक्त राष्ट्र संघीय निकायहरु, अगैससहरु, गैससहरु, जिल्ला र स्थानीय तह

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- क्लष्टरको बैठक बस्ने ।
- बाढी तथा पहिरो बाट उत्पन्न हुने जोखिमको पहिचान गर्ने ।
- सेल्टर प्लानको सुरक्षित स्थान पहिचान गर्ने ।
- विपद सेल्टरसँग सम्बन्धित आवश्यक आवास व्यवस्थापनका लागि चाहिने न्युनतम प्याकेज निर्धारण गर्ने ।
- विपदसँग सम्बन्धित स्थानीय तह, सहकार्य गर्ने निकाय, दातृ निकाय तथा अन्य संघसंस्थासँग समन्वय तथा सहकार्य गर्ने ।
- तटबन्ध, लगायतका प्रभावकारी उपाय अपनाई बाढी र डुबानको जोखिम न्यूनीकरण गर्ने ।
- सीमावर्ती क्षेत्रमा बनेका तटबन्ध र अरु संरचनाले मुख्य गरी तराई मधेसमा डुबानको समस्या आउन नदिन आवश्यक समन्वय गरि पूर्व तयारी गर्ने।
- वर्षायाममा देशभरका कतिपय सडक बाढी, पहिरोले भत्किन्छ वा पुरिन्छ, यस्तो अवस्थामा जतिसक्दो चाँडो अवरोध पन्छाएर सडक सचारु गराउने कार्यलाई सडक विभागले मुख्य प्राथमिकतामा राख्ने।
- डोजर लगायत हेभि इक्विपमेन्टको विवरण तयारी अवस्थामा राख्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- आवश्यक क्याम्प व्यवस्थापन गर्ने ।
- आपतकालीन जोखिम ब्यवस्थापनमा सहभागी हुने ।

- विपदबाट प्रभावित भएकाहरुलाई क्वारेन्टाइन सेल्टर तयार तथा सेल्टरको लागि प्राविधिक कार्यमा सहयोग गर्ने ।
- प्रतिकार्य केन्द्रदेखि स्थानीय तहसम्म प्राविधिक पक्षबाट सहयोग समन्वय गर्ने ।
- विपद पश्चात सेल्टर निर्माणमा प्राविधिक सहयोग प्रदान गर्ने ।
- सेल्टरमा वातावरण, लैङ्गीक पक्ष तथा संरक्षणको एकिकृत कार्यक्रम सञ्चालन गर्ने ।
- बाढी कटान र कटान को जोखिम आंकलन गर्ने
- सुरक्षित स्थानको पहिचान गर्ने
- भवन व्यवस्थापन को न्युनतम कुराहरु ध्यान मा राखी कार्य गर्ने
- विपद व्यवस्थापनमा कार्यरत संस्थाहरु, दातृ निकाय संग समन्वय गर्ने
- विपद प्रभावित हरुको लागी सुरक्षित स्थल को व्यवस्था गर्ने
- अबरुद्ध बाटोहरु सुचारु गर्ने
- बाटो को अबरुद्ध हटाउन डोजर आदि को व्यवस्था गर्ने

## ङ खानेपानी तथा उर्जा विकास मन्त्रालय, प्रदेश २

**विषयगत क्षेत्रः खानेपानी, सरसफाइ र स्वच्छता (WASH)**

**सहयोगी निकायः UNICEF**

**विषयगत क्षेत्र को सदस्यहरुः:** UN HABITAT, IFRC, Save the Children, OXFAM, WHH, SNV तथा विकास साझेदार संस्थाहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- खानेपानी तथा सर-सफाईको क्लष्टरको बैठक आयोजना गरी बाढी, पहिरो एवम् पानीजन्य विपदहरुको जोखिम योजना तयार गर्ने ।
- विपदमा कार्य गर्ने प्रदेश स्तरीय Rapid Response Team तयार गर्ने ।
- विपदमा अत्यवश्यक खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सामग्रीहरु आंकलन गरी भण्डारण गरिराख्ने र वितरणको प्रणली तयार गरि राख्ने । (आवश्यक पाईप, फिटिङ, ट्याकी, हाइजिन किट, पानी शुद्धिकरण गर्ने औषधिहरु, आपतकालिन शौचालय, नुहाउने स्थान आदि)
- क्षमता विकासका कार्यहरु गर्ने ।
- खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।
- फोहर व्यवस्थापन गर्ने ।
- गुनासो सुनुवाईको संयन्त्र निर्माण गर्ने ।

- अन्य कलष्टरसंग समन्वय गरी अवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- विद्यालय तथा स्वास्थ्य कार्यालयहरुमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाहरु सञ्चालन गर्ने ।
- अस्थायी आश्रय स्थल वा प्रभावित क्षेत्रमा खानेपानी, सरसफाई तथा उर्जाको ब्यवस्था मिलाउने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- WASH कलष्टरको नियमित बैठक बस्न र पूर्व तयारी योजना र तत्कालिन आवश्यक्ता र मागको आधारमा प्रतिकार्य क्रियाकलापहरु सञ्चालन गर्ने ।
- तालिम प्राप्त जनशक्ति परिचालन गरी वर्षाको बेला तथा कोभिड-१९ महामारीसँग जुध्न साबुन पानीको प्रयोग गरी सहि तरीकाले हात धुने व्यवस्था मिलाउने ।
- **सुरक्षीत खानेपानी सुविधाः** विपदमा परेका समुदायहरुका लागि एकजना ब्यक्तिलाई प्रतिदिन ३ लिटरको दरले विभिन्न प्रणाली अवलम्बन गरी खानेपानी सुविधा उपलब्ध गराउने ।
- **शौचालयको र खुला दिसाको ब्यबस्थापनः** प्रभावित समुदाय, सेल्टरमा इमरजेन्सी शौचालयको ब्यबस्था गर्ने खुला दिसाको ब्यबस्थापन गर्ने ।
- **स्वच्छता र फाहोर ब्यबस्थापनः** विपदमा परेका समुदायहरु एवं सेल्टरमा साबुन पानीले हातधुने सुविधा, महिनावारी सरसफाइ ब्यबस्था र फोहोर ब्यबस्थापनका सुविधा सुनिश्चित गर्ने । यसका लागि स्वच्छता सामग्रीहरु वितरण गर्ने ।
- विपदमा परेका समुदायहरुमा खानेपानी र सरसफाइ सम्बन्धी जागृतिमूलक अभियानहरु सञ्चालन गर्ने ।
- विपदमा परेका समुदायहरुका लागि आम सञ्चार माध्यमबाट खानेपानी र सरसफाइ सम्बन्धी जनचेतनामूलक सन्देशहरु दिने ।
- बाढी, डुबान र पहिरो जोखिम बस्तीहरुमा चुनहरु छर्कने र निर्मलीकरण गर्ने ।
- खानेपानी तथा सरसफाईका अवरुद्ध संरचनाहरुलाई अद्यावधिक राख्न खानेपानी तथा सरसफाइ सुविधाहरुको मर्मतसम्भार गरी सेवा सञ्चालनमा ल्याउने ।
- विद्यालय तथा स्वास्थ्य कार्यालयहरुमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी क्रियाकलाहरु सञ्चालन गर्ने ।
- द्रुत/विस्तृत (IRA/ Detail Assessment) लेखाजोखा, लाभग्राही छनौट, प्रतिकार्य बिश्लेषण गरी खानेपानी र सरसफाइ सम्बन्धी आवश्यक्ता पहिचान गरी सेवा उपलब्ध गराउने ।

## च.१ सामाजिक विकास मन्त्रालय

**विषयगत क्षेत्रः शिक्षा (Education)**

**सहयोगी निकाय : युनिसेफ नेपाल**

**विषयगत क्षेत्र को सदस्यहरु :** Save the Children/ Plan Nepal, Aasman Nepal तथा अन्य विकास साझेदार संस्थाहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- Emergency Safe Shelters तथा कोभिड-१९ को लागि क्वारेण्टाईन प्रयोग गर्ने प्रयोजनको लागि ८ वटै जिल्लाहरुमा भएका विद्यालयको नक्साङ्कन (geo–referenced mapping) आन्तरिक मामिला तथा संञ्चार मन्त्रालय लाई उपलब्ध गराउने ।
- कोभिड-१९ ले विद्यालय बन्द भए पनि विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षक, विद्यार्थीको सहभागितामा विपद्का सम्भावित जोखिम र सोको पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने।
- प्रदेश, जिल्ला र स्थानीय स्तरका शिक्षा समुह (Education Cluster) का सदस्यहरुसँग प्रभावकारी समन्वय, जिम्मेवारी निर्धारण र बाँडफाँड गर्ने ।
- विपद्को समयमाविशेष आवश्यकता रहने बालबालिका, महिला (सुत्केरी, गर्भवती) तथा किशोरी, अपाङ्गता भएका व्यक्तिहरु, लैंगिक अल्पसंख्यक तथा ज्येष्ठ नागरिकको आवश्यकता पुरा गर्नका लागि आवश्यक सामग्री भण्डारण गर्ने।
- संरक्षण सम्बन्धि सेवा प्रदायकहरु तथासमुदाय स्तरका प्रतिकार्यमा संलग्न व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्ने ।
- संरक्षण विषयगत क्षेत्रको Contingency Plan पुनरावलोकन, परिमार्जन तथा सबै जिल्ला तहमा संरक्षण विषयगत क्षेत्र कार्यसमूहको बैठकहरु नियमित गर्ने।
- संरक्षण अनुगमन विधि तथा औजारहरुको व्यापक प्रर्वदन तथा निरन्तरता दिने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- बाढि बाट प्रभावित विध्यालयका बालबालिका हरुको लागि वैकल्पिक सिकाईका माध्यमहरु संचलान गर्ने ।
- हाल कोभिड १९ तथा अरु यस्तै किसिमका महामारी तथा विपद्को अवस्थामा विद्यालयको नियमति पठनपाठन प्रत्यक्ष गर्न असंभव भएको बेला वैकल्पिक सिकाई सहजीकरणका विभिन्न पद्धतीहरुबाट सिकाई निरन्तरताको सुनिश्चितता गर्ने ।
- विपद् पश्चात विद्यालय पून:संचालनकाको सुरक्षित विद्यालयका क्रियाकलाप एकीकृत गरि विद्यालय सूचारु गर्न सुनिश्चित गर्ने ।

## च.२ सामाजिक विकास मन्त्रालय

**विषयगत क्षेत्र: स्वास्थ्य तथा पोषण (Health and Nutrition)**

**सहयोगी निकाय : WHO, UNICEF**

**विषयगत क्षेत्र को सदस्यहरु :** संयुक्त राष्ट्रसंघीय संस्थाहरु, अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरु, जिल्ला र स्थानीय सरकारहरु, व्यापारीहरु

**पूर्वतयारीका तथा प्रतिकार्य का मुख्य क्रियाकलापहरु**

- सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेका बिभिन्न क्लस्टरहरुको नियमित बैठक गर्ने र पुर्वतयारी तथा प्रतिकार्यको लागि आवश्यक क्रियाकलापहरु, औषधि उपकरण तथा जनचेतनामुलक क्रियाकलापहरुको लेखाजोखा गर्ने ।
- बाढिको उच्च जोखिममा रहेका क्षेत्रहरुको नक्साङ्कन गर्ने र ती क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरु को विवरण तयार गर्नुका साथै सुचना व्यवस्थापन गर्ने ।
- प्रदेश स्तरिय स्वास्थ्य क्षेत्र द्रुत प्रतिकार्य समुह (Province Rapid Response Team) गठन गर्ने वा सक्रिय गर्ने र प्रत्येक जिल्लामा जिल्ला स्तरिय द्रुत प्रतिकार्य समुह (District Rapid Response Team) गठन तथा सक्रिय बनाउने ।
- समयमै एम्बुलेन्स सेवा उपलब्ध गराउनको लागि हरेक जिल्लाका एम्बुलेन्स समितिलाई सकृय बनाउने र कोरोना महामारीलाई ध्यानमा राखी रहेक एम्बुलेन्समा आवश्यक सुरक्षाका उपायहरु उपलब्ध रहेको सुनिश्चित गर्ने ।
- बर्षा सुरुहुन भन्दा अगाडी पुर्ब तयारीको लागी पानी जन्य रोगहरु पानी जन्य रोगहरुको आँकलन गरि जस्तै झाडापखाला, हैजा, टाइफाइड, मलेरीया, डेंगू, भाइरल जोरो, कालाजार, आँखा पाक्ने रोग (Conjunctivitis) हेपेटाइटिस, Jaundice**,** छाला सम्बन्धी रोगहरु रोकथाम गर्नको लागी आपतकालिन औषधिहरु तथा स्वास्थ्य सामाग्रीहरु Interagency Emergency Health Kits (IEHK)**,** जिङ्क, जिवनजल, आवश्यक औषधिको प्रादेशिक स्तरमा र हरेक स्वास्थ्य संस्थामा भण्डारण गर्ने ।
- विपद व्यवस्थापन सम्बन्धि तालिम प्राप्त स्वास्थ्य कर्मिहरुको विवरण अध्यावधिक गर्ने र सो सम्बन्धि स्वास्थ्य कर्मिहरुकालागि तालिम वा पुनर्ताजकि तालिमको व्यवस्था मिलाउने । साथै स्वास्थ्य, सुरक्षा, व्यक्तिगत सरसफाई तथा कोरोना सम्बन्धि आम संचारबाट प्रसारण गरिने सन्देशहरु अध्यावधिक गर्ने ।
- बाढिको उच्च जोखिम भएका पालिकाहरुमा रहेका जोखिम समुह, जस्तैः गर्भवति र सुत्केरी महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, बालबालिकाहरु आदिको विवरण सम्बन्धित पालिकाको सहकार्यमा तयार गर्ने र उक्त जोखिम समुहलाईृ सुरक्षित रख्न आवश्यक तयारी गर्ने ।
- बर्षा सुरुहुन भन्दा अगाडी खोप तथा खोप जन्य सामाग्रीलाई पानी बाट जोगाउने पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने।
- ए. आर. टी. (ART) र क्षयरोगको (TB) औषधि खाइरहेका महिला, पुरुष, गर्भवति, सुत्केरी महिला तथा बालबालिकाहरुको लागि समयमै ढुवानी गने तथा वैकल्पिक व्यवस्थापनको लागि सम्बन्धित जिल्लाको ए.आर.टी. (ART) केन्द्र तथा पालिकाले व्यवस्थापन गर्ने ।
- बाढिको समयमा विस्थापित परिवारहरु अस्थाई सिविरमा बस्दा महिला र किशोरीहरुलाई हुनसक्ने शारीरिक, मानसिक तथा यौनिक हिंसा हुन नदिन सुरक्षित स्थानहरुको पहिचान

गर्ने र साझेदार संस्थाहरु तथा अन्य निकायहरुसंग नियमित संवाद कायम राख्ने । साथै कोरोना महामारीको समयमा अस्थाई सिविरमा संक्रमण फैलिन रोक्न जनचेतना, मास्क, साबुन तथा स्यानिटाईजरको व्यवस्था मिलाउन स्थानिय निकाय संग समन्वय तथा सहकार्य गर्ने ।

- बाढिको कारण विध्यालयहरुमा क्षति भई लामो अवधिसम्म पठन पाठन बन्दहुनसक्ने अवस्थाको विश्लेषण गरि सिकाईका वैकल्पिक माध्यमहरुको तयारी गर्ने ।
- विपद व्यवस्थापनका लागि बजेट बिनियोजन गर्ने ।
- बिभिन्न क्लस्टरहरुको बैठक संचालन गरि साझेदार निकाय तथा संघसंस्थाहरुको सहकार्यमा क्षतिको विवरण अध्यावधिक गर्ने, कोभिड महामारीलाई मध्यनजर गरि प्रभावितहरुको लागि सहयोग तथा राहत उपलब्ध गराउन एकद्वार प्रणलि अपनाई परिचलान गर्ने ।
- प्रदेश स्तरिय स्वास्थ्य क्षेत्र द्रुत प्रतिकार्य समुह (Province Rapid Response Team) र जिल्ला स्थित द्रुत प्रतिकार्य समुह (District Rapid Response Team) लाई समन्वयात्मक किसिमले परिचालन गरी प्रभावितहरुलाई आवश्यक स्वास्थ्य सेवा प्रदान गर्ने र आवश्कता अनुसार प्रेषणको व्यवस्था मिलाउने । यसरी प्रेषण गर्दा कोरोना संक्रमण विरुद्द सुरक्षका उपयाहरु सम्बन्धित एम्बुलेन्समा रहेको सुनिश्चित गर्ने ।
- बाढी पश्चात हुन सक्ने पानी जन्य रोगहरु, किट जन्य रोगहरु तथा सर्प दंसको सम्भावनालाई मध्यनजर गरि जनचेतना मुलक क्रियाकलापहरु संचालन गर्ने, पानी शुद्धिकरणका उपायहरु संचलान गर्ने साथै अस्थाई सिविरहरुमा कोरोना संक्रमण फैलिन सम्ने सम्भावन भएकोले मास्क, साबुन, स्यानिटाईजर, फेस सिल्ड आदिको वितरण व्यवस्था मिलाउने ।
- बिशेष गरी सर्पदस उपचार् केन्द्र हरुको पूर्वतयरी तथा  औषधीहरुको ब्यबस्थापना गर्ने
- अस्पतालमा रहेका एकद्धार सकट व्यवस्थापन केन्द्र (OCMC) लाई आवश्यक मानव संसाधन, औजार उपकारण तथा औषधिको व्यवस्था गर्ने र र सुरक्षित गृह (Safe house) व्यवस्थापनका लागि संरक्षण बिषयगत क्षेत्र संग समन्वय गर्ने । साथै यी केन्द्रहरुमा मनोसामाजिक विमर्श कर्ता ब्यवस्था गरी संस्था र समुदाय स्तरमा परमर्श सेवा संचालन गर्ने वा साझेदार संस्थाहरुसंग समन्वय गरि कार्यान्वयन गर्ने ।
- विपदको अवस्थामा न्युनतम यौन तथा प्रजनन स्वास्थ्य सेवा (Minimum Initial Service Package-MISP for Sexual and Reproductive Health Services )  कार्यान्वयन गर्ने सो का लागि स्वाथ्य सेवा प्रदायकहरुको क्षमता अभिबृद्धि गर्ने
- बिपदको अवस्थामा यौन तथा प्रजनन स्वास्थ्य सेवा सुचारु गर्न अन्तर निकाय प्रजनन स्वास्थ्य सामग्री (IARH Kits) पुर्बभण्डारण गरी राख्ने ।
- सम्पुर्ण स्वास्थ्य कर्मिलाई आ-आफ्नो स्वास्थ्य संस्थामा अनिवार्य हाजिर हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।  निर्देशन जारी गर्ने र अत्यावश्यक अवस्थामा बाहेक विदा स्वीकृत नगर्न सम्बन्धित निकायलाई पत्राचार गर्ने ।
- आम संचारका माध्यम लगायत अन्य माध्यमहरु बाट स्वास्थ्य, पोषण, सुरक्षा आदि बारे जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

- बाढि बाट प्रभावित विध्यालयका बालबालिका हरुको लागि वैकल्पिक सिकाईका माध्यमह संचलान गर्ने ।
- ०-२३ महिनाका बालबालिकाकालाई उचित स्तनपान, ६-२३ महिनाका बालबालिकालाई उचित पुरक खानाको लागि सहयोग, संरक्षण र प्रबर्द्धन गर्ने ।
- ५ बर्षमुनिका बालबालिका र गर्भवति तथा सुत्केरी महिलाहरुका शिघ्र कुपोषणको रोकथाम र व्यवस्थापन गर्ने
- गर्भवति तथा सुत्केरी महिला र ५ बर्षमनिका बालबालिकाकामा सूक्ष्मपोषण तत्व कमीको रोकथाम गर्नेः (६-५९ महिनाका बालबालिकालाई धिटामिन ए र बालभिटा वितरण, १२-५९ महिनाका बालबालिकालाई जुकाको औषधि वितरण, गर्भवति तथा सुत्केरी महिलालाई आइरन फोलिक एसिड चक्कि वितरण)
- सबैलाइ थप खाना वितरण कार्यक्रम (BSFP)/लक्षित थप खाना वितरण कार्यक्रम (TSFP) मार्फत लक्षित जनसंख्यालााई कुपोषणबाट बचाउने

## छ. महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय

विषयगत क्षेत्र : **संरक्षण (Protection)**

सहयोगी निकाय : युनिसेफ र युएनएफपिए

**विषयगत क्षेत्र को सदस्यहरु :** सेभ द चिल्ड्रेन, वर्ल्ड भिजन इन्टरनेसनल, पिन, स्ट्रीट चाइल्ड, लाइफ नेपाल, ओरेक, आसमान नेपाल, भिएसओ, टिपिओ, सामाजिक संस्था जिल्ला समन्वय समिति लगायत ३० भन्दा बढी संघसंस्थाहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- सामाजिक विकास महाशाखाको नेतृत्व र अन्य निकाय तथा संघसंस्थाहरुको समन्वयमा महिला,किशोरी, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिहरुमा हुन सक्ने हिंसा, शोषण, दुर्व्यवहार, हेला र भेदभावबाट संरक्षण गर्नका लागि विभिन्न सचेतना कार्यक्रमहरु (रेडियो सूचना, माइकिङ्ग) सञ्चालन गर्ने ।
- सेवा प्रवाहमा निषेधाज्ञाको प्रभावको समयमै पहिचान तथा प्रतिकार्यको लागि सचेतना र तत्काल अनुगमन प्रणाली साथै संरक्षण अनुगमन प्रणालीको विकास र सम्पर्क विस्तार गर्ने ।
- रोजगारी गुमाएर घर फर्किएका आप्रवासी कामदारहरुलाई आपत्कालिन सहयोग साथै सामाजिक तथा आर्थिक पुनःस्थापनाको लागि सहयोग गर्न लेखाजोखा गर्ने ।

- प्राकृतिक विपद्बाट प्रभावित र सिमानाकाबाट प्रवेश गरेका र आइसोलेसन तथा क्वारेन्टाइनमा रहेका महिला (सुत्केरी तथा गर्भवती),किशोरी, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक भएका व्यक्तिहरुको विवरण सङ्कलन गरी आवश्यक सहयोगका लागि समन्वय गर्ने ।
- प्राकृतिक विपद्बाट प्रभावित र खुला सिमानाकाबाट प्रवेश गरेका र आइसोलेसन तथा क्वारेन्टाइनमा रहेका किशोरी तथा महिलाहरुका लागि महिनावारी सरसफाई व्यवस्थापन सामाग्री भएको सुनिश्चित गर्ने ।
- संरक्षण समूहको पूर्वतयारी र प्रतिकार्य क्षमता नक्साङ्कन गर्ने ।
- प्रदेश भरी रहेका मनोसामाजिक मनोविमर्शकर्ताहरु र सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको नक्साङ्कन तथा अद्यावधिक गरी आवश्यकता अनुसार परिचालन गर्ने ।
- संरक्षण सम्बन्धी सेवा प्रदायकहरु तथा समुदायस्तरका प्रतिकार्यमा संलग्न संघ संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने
- महिला तथा बालबालिकाका लागि आवश्यक सेवाको सुनिश्चताका लागि समन्वय र सहकार्यका संयन्त्रहरुको निर्माण गर्ने ।
- स्थानिय तह हरु को समन्वय र सहयोगमा कोरोनाबाट प्रभावित, परिवारवाट छुट्टिएका, अलग्याइएका र अन्य जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने ।
- स्वास्थ्य क्षेत्रसँगको आवश्यक समन्वय र सहकार्य गरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुको लागि आवश्यक सेवाको लागि पैरवी गर्ने ।बिपदको अवस्थामा लैंगिक हिंसा रोकथाम र व्यवस्थापनका लागि सेवा प्रदाय र सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।
- स्वास्थ्य बिषयगत क्षेत्र संग समन्बवय गरी OCMC का लागि Post rape treatment kit भण्डारण गरी राख्ने ।
- सङ्कटासन्न समूहका लागि आवश्यक आपत्कालीन राहत सामग्रीहरू ( Dignity kits, Female and Child friendly safe spaces kits, recreational kit, बालबालिकाका लागि कपडाहरू आदि) को पुर्ब भण्डारण गर्ने । कोरोना भाइरस तथा प्राकृतिक विपद्को कारणले बालबालिका तथा महिलामा पार्ने संरक्षण सम्बन्धी जोखिम र यसको समाधानको उपायहरु सहितको रेडियो PSA र छोटा सूचना सामग्री तथा हटलाइन नम्बरहरु (बालहेल्प लाइन १०९८, बालबालिका खोजतलास समन्वय केन्द्र १०४, राष्ट्रिय महिला आयोग ११४५, नेपाल प्रहरी १००, बेचविखन भएमा ११७७) सहितको अन्य सूचना, शिक्षा र सञ्चार सामग्रीहरु (पोष्टर, पाम्फ्लेट, पर्चा, होडिङ्ग बोर्ड, माइकिङ्ग, डिस्प्ले फ्लेक्स आदि) तयार गरी व्यापक रुपमा प्रसारण र ब्यवस्थापना गर्ने ।
- कोरोना (कोभिड १९) भाइरस तथा प्राकृतिक विपद्का बारेमा रेडियो कार्यक्रम सञ्चालन तथा प्रसारण गर्ने ।

- एसएमएस, ब्लग, अनलाइन समाचार, सामाजिक सञ्जालका माध्यम तथा लेख लगायतका सामग्रीहरु उत्पादन, तयारी, प्रकाशन तथा प्रसारण गर्ने ।
- स्थानिय तहमा रहेका बालबालिका संग सम्बन्धित समुह हरु सकृय बनाउन सहयोग गर्ने ।
- प्रदेश स्तरमा बाल संरक्षण तथा लैङ्गिक हिंसा सम्बन्धी सूचना व्यवस्थापन प्रणालीका लागि सूचना कक्ष स्थापना गरी अद्यावधिक गर्ने ।

**प्रतिकार्य सम्बन्धी कार्यक्रमहरु :**

- सुरक्षाकर्मीहरुसँग समन्वय गरी विभिन्न संरक्षणका मुद्दाहरु जस्तैः लैङ्गिक हिंसा तथा अन्य हिंसा तथा दुर्व्यवहार सम्बन्धी घटनाहरु भएमा उजुरी लिनका लागि पहल गर्ने ।
- संरक्षण बिषयगत क्षेत्रले प्रदेश विपद् व्यवस्थापन समिति, स्वास्थ्य विषयगत क्षेत्र, शिक्षा विषयगत क्षेत्र, शिबिर व्यवस्थापन बिषयगत क्षेत्र, खद्य सुरुक्षा बिषयग क्षेत्र, स्वास्थ्य तथा सरसफाइ बिषयगत क्षेत्र लगायत अन्य बिषयगत क्षेत्रहरुसँग नियमित समन्वय र सहकार्य गर्ने ।
- सामाजिक विकास महाशाखाको नेतृत्व र अन्य निकाय तथा संघसंस्थाहरुको समन्वयमा महिला,किशोरी, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरुमा हुन सक्ने थप हिंसा, दुव्यर्वहार, शोषण, हेला र भेदभावबाट संरक्षणका लागि विभिन्न सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- स्वास्थ्य र पोषण विषयगत क्षेत्रसँग आवश्यक सहकार्य गरी महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि आवश्यक स्वास्थ्य सेवा, पोषण र विशेष सेवाको लागि पैरवी गर्ने ।
- बिपद प्रभावित स्थानहरुमा लैंगिक हिंसा रोकथाम र व्यवस्थापन गर्न सामुदायिक संयन्त्र, हटलाइन सहितको हेल्पलाइ र प्रेषण प्रणालीको व्यवस्था गर्ने ।
- महिला तथा किशोरीहरुका प्रजनन् स्वास्थ्यलाई मध्यनजर गर्दै स्वास्थ्य क्षेत्रसँगको समन्वयमा आवश्यकता अनुसार व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाउने ।
- अभिभावकहरुमा कोरोनाको संक्रमण भई मृत्यु भएमा स्थानीय सरकार, महिला बालबालिका, जेष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद्, बालबालिका स्वयम् र उनीहरुको संरक्षक लगायतसँग समन्वय गरी उनीहरुका बालबालिकालाई आवश्यक वैकल्पिक स्याहारको व्यवस्थापन गर्ने ।
- बालबालिकामा हुने सम्भावित दुर्व्यवहार, हिंसा र लाञ्छना कम गर्न अभिभावक शिक्षा, बालचौतारी जस्ता रेडियो कार्यक्रम सञ्चालन गर्ने ।
- अवस्था र आवश्यकताका आधार (गर्भवती तथा सुत्केरी महिला, बालगृहमा रहेका, सडक बालबालिका तथा सिमान्तकृत समुदाय सहित) मा राहत सामग्री सहयोग गर्ने ।
- कोभिड १९ र प्राकृतिक विपद्को समयमा नेपाल सरकारबाट वितरण गरिदै आएको सामाजिक सुरक्षा भत्ता (वृद्धभत्ता, बालपोषण भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता आदि) सम्बन्धित लक्षित समूहले प्राप्त गर्नमा पैरवी र सहजीकरण गर्ने ।

- सेवा प्रवाहमा निषेधाज्ञाको प्रभावको समयमै पहिचान तथा प्रतिकार्यको लागि सचेतना र तत्काल अनुगमन प्रणाली साथै संरक्षण अनुगमन प्रणालीको विकास र सम्पर्क विस्तार गरी कार्य सुचारु गर्ने ।
- रोजगारी गुमाएर घर फर्किएका आप्रवासी कामदारहरुलाई आपत्कालिन सहयोग साथै सामाजिक तथा आर्थिक पुनःस्थापनाको लागि सहयोग गर्ने ।
- बिपद प्रभावित स्थलहरुमा महिला मैत्री तथा बाल मैत्री स्थलहरु स्थापना गरी लैगिंक हिंसा र रोकथाम र व्यवस्थापन र बाल संरक्षणका लागि आवश्यक कार्य गर्ने ।
- विपद्को समयमा विशेष आवश्यकता रहने बालबालिका, महिला (सुत्केरी, गर्भवती) तथा किशोरीहरुलाई महिला तथा बालबालिका मैत्री स्थलमार्फत आवश्यक सामग्री (Dignity kits, recreation kits,children's clothes,) हरु व्यवस्थापन गर्ने ।
- विपद प्रभावित समुदायका लागि मनोसामाजिक परामर्श र मानिसिक स्वास्थ्य सेवाको लागि स्वास्थ्य विषयगत क्षेत्रसंग समन्वय गर्ने तथा तालिम प्राप्त मनोसामाजिक विमर्शकर्ता तथा सकमुदायीक मनोसामाजिक परामर्शकर्ता को परिचालन गर्ने ।

## ज. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

**विषयगत क्षेत्रः खाद्य सुरक्षा (Food Security)**

**सहयोगी निकायः WFP/ FAO**

**विषयगत क्षेत्र को सदस्यहरुः** उधोग वाणिज्य संघ, जिल्ला प्रशासन कार्यालय हरु, भेटनरी अस्पतालहरु, कृषि ज्ञान केन्द्र हरु, संयुक्त राष्टृ संघीय निकायहरु, अगैससहरु, गैससहरु, जिल्ला र स्थानीय सरकारहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- खाद्य सुरक्षा क्लष्टरमा संलग्न विकास साझेदार संघ-संस्थासंगको बैठक बाट कार्ययोजना स्वीकृत र पूर्व तयारीका बैठक गर्ने ।
- घटना घटि हालेमा पहिलो १५ दिनको लागि खाद्य सहायता कार्य योजना तयारी अवस्थामा राख्ने ।
- Rapid Emergency Food Security and Vulnerability Assessment, Initial Rapid Assessment कार्यविधी तयार र अध्यावधिक गर्ने ।
- अन्न र तरकारी बालीको विउ stock राख्ने व्यवस्था मिलाउने ।
- प्रदेश स्तरमा contingency plan बनाउन सहजीकरण गर्ने ।
- माछा, पशुपन्छीको उपचारको व्यवस्था मिलाउने ।

- पशुपंछीका विभिन्न रोग तथा महामारी (बर्डफ्लु/अन्य) का विरुद्धका भ्याक्सिन लगाउने ।
- मृत पशुपन्छीको व्यवस्थापन गर्ने ।
- दानाको व्यवस्थापन गर्ने ।

## झ. बाणिज्य, आपूर्ति तथा विज्ञान प्रविधि मन्त्रालय

**विषयगत क्षेत्रः बन्दोवस्ती तथा आपूर्ति ब्यवस्थापन (Logistic and Supply Chain)**

**सहयोगी निकायः WFP**

**विषयगत क्षेत्र को सदस्यहरुः जिल्ला प्रशासन कार्यालय, स्थानिय सरकार, नेपाल आयल निगम, डिविजन वन कार्यालय, बाणिज्य कार्यालय, उद्योग तथा ब्यापार संगठन तथा अन्य सरोकारवाला निकाय**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- बाढी, डुवान, पहिरो तथा अन्य पानी जन्य विपद्का साथै कोभिड-१९ सँग जुध्न अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने तथा अक्सिजन उत्पादन गर्ने उद्योगको क्षमता विस्तारमा सहयोग गर्ने।
- पेट्रोलियम पदार्थहरू, एल.पी. ग्याँस, नुन तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यबस्थापन गर्ने।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको उचित मूल्यमा आपूर्ति व्यवस्था मिलाउने।
- औषधिजन्य सामग्री तथा खाद्य वस्तुको नियमित आपूर्तिको व्यबस्था मिलाउने।
- कालाबजारी हुन नदिन नियमित अनुगमन गर्ने।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- विपदको अवस्थामा उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय बस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।

## ञ. उद्योग, पर्यटन तथा वन मन्त्रालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- आ.व. २०७८।७९ को स्वीकृत प्राकृतिक प्रकोप व्यवस्थापन कार्यक्रम अन्तर्गत गत वर्षको वर्षा र बाढीबाट घर, खेतबारी आदिमा पुगेको क्षतिलाई ध्यान दिई बाढी नियन्त्रण, पोखरी संरक्षण, भूक्षय तथा नदी कटान रोकथाम, सिचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू -क्षय नियन्त्रण कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

- विपद् जोखिमबारे विभिन्न कार्यक्रम मार्फत  भू तथा जलाधार संरक्षण सम्बन्धि चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।
- बाढी, डुवान, पहिरो तथा अन्य पानी जन्य विपद्का साथै कोभिड-१९ सँग जुध्न अत्यावश्यक वस्तुहरूको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने तथा अक्सिजन उत्पादन गर्ने उद्योगको क्षमता विस्तारमा सहयोग गर्ने।
- औषधिजन्य सामग्री तथा खाद्य वस्तुको नियमित आपूर्तिको व्यबस्था मिलाउने।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- विपदको अवस्थामा उपभोग्य वस्तु तथा सेवाको पर्याप्त उत्पादन सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय बस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।

## ट. प्रदेश प्रहरी संग सम्बन्धित पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु / क्रियाकलापहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- प्रकोपजन्य घटनाहरुको सूचना संकलनका लागि सम्पर्क व्यक्ति (Focal Person) तोक्ने आवश्यक दक्ष जनशक्तिहरु तयार हालतमा राख्ने जनशक्तिलाई उपलब्ध उद्दार सामग्रीहरु तथा व्यक्तिगत सुरक्षा सामग्री (PPE) को प्रयोग आदि सम्बन्धी प्रशिक्षण दिने ।
- सम्भावित क्षति न्युनीकरण गर्न आवश्यक सवारी साधन औजार, उपकरण तथा उद्दार सामग्री सहितको दक्ष (तालिम प्राप्त) जनशक्ति तयारी हालतमा राख्ने।
- सरोकारवाला निकायहरुसँगको समन्वयमा पूर्व सूचना प्रणालीलाई प्रभावकारी बनाउने प्रदेश, जिल्ला र स्थानीय विपद व्यवस्थापन समितिसँग निरन्तर सञ्चार र समन्वय गर्ने ।
- Contingency plan तयार गरी उद्दार टोलीलाई समय समयमा Dry Practice गराउने ।

**नोटः सम्पर्क हटलाईन नं. १००**

## ठ. शसस्त्र प्रहरी बल संग सम्बन्धित पुर्वतयारी तथा प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु /क्रियाकलापहरु

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- विपद् व्यवस्थापन तालिम निरन्तर रुपमा संचालन गर्ने ।
- सशस्त्र प्रहरी बल,नेपालका सबै कार्यालयहरूमा खोज तथा उद्धारका आधारभूत उपकरणहरू सहित उद्धार टोली Stand By राख्ने।
- उपलब्ध विपद् उद्धारका आधुनिक सामाग्रीहरुको प्रदेशगत रुपमा प्रदेश स्तरीय विपद् उद्धार टिमले प्रयोग गर्ने गरी तयारी हालतमा राख्ने।

- सशस्त्र प्रहरी बल, नेपालका विभिन्न इकाईहरुमा गैह्र खाद्य राहत सामाग्रीहरु (लत्ताकपडा, पाल,त्रिपाल ब्लाङ्केट, जस्तापाता आदि) भण्डारण गर्ने ।
- विपद् व्यवस्थापन सम्बन्धी तालिम प्राप्त नगरेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई समय समयमा खोज तथा उद्धार सम्बन्धी अनुशिक्षण तालिम कार्यक्रम संचालन गर्ने ।
- मनसुनको समयमा हुन सक्ने सम्भावित विपद्मा प्रभावकारी कार्य सम्पादनको लागि सरोकारवाला निकायहरु बीच समन्वय गर्ने ।
- प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्रहरु तथा जिल्ला आपतकालीन कार्य संचालन केन्द्रहरुमा आवश्यकता अनुसार संचार तालिम प्राप्त जनशक्तिहरु परिचालन गर्ने ।
- नेपाल ए.पि.एफ अस्पतालमा विपद्को समयमा घाईतेहरुको प्रभावकारी उपचार व्यवस्था मिलाउन विभिन्न पूर्व तयारीका कार्यक्रमहरु सहित आवश्यक तयारी गर्ने ।
- विपद् उद्धार टोली लगायत सम्पूर्ण सशस्त्र प्रहरी बल, नेपालका ईकाइहरुले मनसुन शुरु हुनु पूर्व आफ्नो जिम्मेवारी इलाकामा स्थानीय प्रशासन लगायत विभिन्न सरोकारवाला निकायसँग समन्वय गरी कार्य गर्ने ।
- सशस्त्र प्रहरी बल, नेपालका विभिन्न यूनिटहरुमा रहेका हेभि ईक्यूपमेन्टहरु तयारी हालतमा राख्ने।
- उद्दार सामाग्रीहरुको खरिद गरी आवश्यक स्थानहरुमा पठाउन तयार गर्ने ।
- प्रत्येक यूनिटमा विपद् उद्दार टोली उपलब्ध उद्धार सामाग्रीहरु सहित Stand by राख्ने ।
- जल तथा मौसम विज्ञान विभाग, जल विज्ञान महाशाखा/बाढी पूर्वानुमान शाखाबाट प्रकाशित हुने बाढी सम्बन्धी बुलेटिन सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण युनिटहरुमा आवश्यक तयारी गर्ने ।

विपद् व्यवस्थापन तालिम प्राप्त जनशक्तिः

| **क.सं.** | **जिल्ला** | **पैडि खेल्न जान्ने स.प्र.क. हरु** | DMT **तालिम प्राप्त जनशक्ति हरु** | **कैफियत** |
|---|---|---|---|---|
| १ | नं. २ छिन्नमस्ता बाहिनी | ३० | २१ | |
| २ | सप्तरी | १५ | २० | |
| ३ | सिरहा | ३० | १६ | |
| ४ | धनुषा | ३५ | २० | |
| ५ | महोतरी | २७ | ९ | |
| ६ | सर्लाही | १७ | १६ | |
| ७ | रौतहट | २२ | ८ | |
| ८ | बारा | ३४ | ८ | |
| ९ | पर्सा | ४५ | २४ | |
| १० | नं.३९ रिजर्भ गण | ११ | ७ | |
| ११ | नं.४० रिजर्भ गण | १५ | ११ | |
| **जम्मा** | | **२८१** | **१६०** | |

**नोटः सम्पर्क हटलाईन नं. १११४**

## ड. नेपाली सेना संग सम्बन्धित पुर्वतयारी र प्रतिकार्य सम्बन्धि मुख्य जिम्मेवारीहरु / क्रियाकलापहरु

### पूर्वतयारीका मुख्य क्रियाकलापहरु

- नेपाली सेना मातहत जिल्लामा तैनाथ युनिटमा Disaster Focal Person तोक्ने ।
- विपद् पूर्वतयारीका लागि आवश्यक सामाग्री तथा औजारको व्यवस्था मिलाउने।
- सम्भावित विपदको प्रकृति अनुरुप श्रोत, साधन सीपयुक्त बनाउने ।
- विपद्का घट्नाबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि प्रदेश विपद व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद व्यवस्थापन समितिहरुसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्य गर्ने ।
- खोज तथा उद्दार कार्यको लागि आवश्यक दक्ष जनशक्ति स्वास्थ्यकर्मी तथा सामाग्रीहरु तयारी हालतमा राख्ने ।
- हेलिकप्टरहरुलाई प्रदेश नं २ मा खोज तथा उद्दार टोली सहित तयारी अवस्थामा राख्ने ।

## ढ. मनसुन जन्य विपद्को पूर्वतयारी र प्रतिकार्यमा अन्य निकायको जिम्मेवारी

### नेपाल रेडक्रस सोसाईटी

पूर्वतयारीका मुख्य क्रियाकलापहरु

- विपद् प्रतिकार्य पूर्वतयारीकालागि नेपाल रेडक्रस सोसाईटीका ८ वटै जिल्लाशाखाहरुलाइ सचेत (अलर्ट) पत्र पठाउने ।
- नेपाल रेडक्रस सोसाईटीका जिल्लाशाखाहरुमा रहेका बिषयगत दक्ष जनशक्तिहरुको बिवरण अधावधीक गरि आवश्यकता अनुसार जिल्लाहरुमा घट्ने विपद्का घट्नाहरुमा परिचालन गर्नसक्नेगरि तयारी अवस्थामा रहन सहजिकरण गर्ने ।
- द्रुत/विस्तृत (IRA/ Detail Assessment) लेखाजोखा, लाभग्राही छनौट, प्रतिकार्य बिश्लेषण र राहत व्यवस्थापन गर्ने ।
- उपलव्ध स्रोतसाधन (आवास, खानेपानी/सरसफाई, गैरखाद्यय, स्वास्थ्य, सामाग्रीहरुको) गोदामघरहरुमा पूर्वतयारी अवस्थामा भण्डारण गर्ने ।
- आपत्कालिन कार्यसंचालन केन्द्रलाई मनसुन तथा कोभिड-१९ पूर्वतयारी र प्रतिकार्यको समन्वय लागि संचालनमा ल्याउने ।
- स्रोत व्यवस्थापनमा सहजिकरणका लागि रेडक्रस अभियानका अंगहरु (रेडक्रस महासंघ, रेडक्रसको अर्न्तराट्रिय समिति र राष्ट्रिय सोसाईटीहरु) संग समन्वय एवं अनुरोध गर्ने ।
- सोसाईटीका प्रदेश तथा जिल्ला शाखाहरुको अगुवाईमा स्थानिय  सरकारी तथा सूरक्षा निकायहरुमा प्रभावकारी समन्वयका लागी केन्द्रवाट सहजिकरण गर्ने ।

- जल तथा मौसम बिज्ञान विभाग तथा प्राधिकरणबाट प्राप्त सूचना, सन्देश तथा श्रव्य दृश्य सामाग्रीहरु रेडक्रसका अंग तथा सञ्जालमा सम्प्रेषण गर्ने
- मनसुन सम्बन्धि क्षतिको बिबरण, प्रभाव र आवश्यकता समेटिएको दैनिक तथ्यांकीय प्रतिबेदन तथा बुलेटिन तयारी, प्रकाशन र प्रशारण गर्ने

**(समाप्त)**